राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३५ २०८३ असार २१ गते आईतवार (05 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## भाषा-संस्कृतिको संरक्षणबिनाको विकास अधुरो : मन्त्री सिंह




दैनिक समाचारदाता
जनकपुरधाम, २० असार । मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनबिना कुनै पनि समाजको समग्र विकास सम्भव नहुने बताएका छन् । उनले मधेशको मौलिक पहिचान जोगाउने, भाषा( साहित्यको संवर्द्धन गर्ने तथा कलाकार र स्रष्टाको सम्मान सुनिश्चित गर्ने उद्देश्यले मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको उल्लेख गर्दै यसको संस्थागत सुदृढीकरणमा प्रदेश सरकार गम्भीर रहेको स्पष्ट पारे ।

मधेश प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा आयोजित 'नवप्रतिभा खोजी तथा सम्मान' कार्यक्रममा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै मन्त्री सिंहले संघीय शासन प्रणालीको मूल मर्म नै स्थानीय भाषा, संस्कृति, कला र पहिचानको संरक्षण तथा प्रवर्द्धन रहेको बताए ।

उनले भने, "जहाँको भाषा, कला र संस्कृति जीवित रहन्छ, त्यही समाजको पहिचान पनि बलियो हुन्छ । यदि यी पक्षको संरक्षण हुन सकेन भने समाजको विकास पनि अधुरो रहन्छ । संघीयताको सार नै स्थानीय पहिचानलाई स्थापित गर्नु र ओझेलमा परेका प्रतिभालाई उजागर गर्नु हो ।"

मन्त्री सिंहले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेको करिब एक महिना मात्र भएकाले विगतका गतिविधिबारे धेरै टिप्पणी नगर्ने उल्लेख गर्दै आगामी दिनमा उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि योजनाबद्ध रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले मधेश प्रज्ञा प्रतिष्ठानलाई स्पष्ट कार्ययोजना तयार गरी मन्त्रालयमा पेस गर्न आग्रह गर्दै त्यसअनुसार बजेट व्यवस्थापन गर्न आफू सकारात्मक रहेको बताए ।

"प्रतिष्ठानले दीर्घकालीन योजना ल्याओस्, मन्त्रालयले आफ्नो क्षमताअनुसार आवश्यक बजेटको व्यवस्था गर्नेछ । स्रोत सीमित भए पनि भाषा, साहित्य र संस्कृतिको संरक्षणमा सरकार पछि हट्दैन," मन्त्री सिंहले भने ।

मन्त्री सिंहले प्रदेश सरकारको आर्थिक अवस्थाबारे पनि खुलस्त धारणा राख्दै मधेश प्रदेशमा १३६ वटा स्थानीय तह भए पनि मन्त्रालयको बजेट दुईवटा पालिकाको बजेट बराबरसमेत नरहेको बताए । सीमित स्रोत( साधनका बाबजुद मधेशको पहिचानसँग जोडिएका संस्था र गतिविधिलाई संरक्षण तथा प्रवर्द्धन गर्न मन्त्रालय प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडीको अध्यक्षतामा प्रदेशभरिका साहित्यकार, कलाकार, भाषाविद् तथा सांस्कृतिक व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो । वक्ताहरूले भाषा, कला र संस्कृतिको संरक्षणका लागि राज्यको लगानी अत्यन्त न्यून रहेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।राजनीतिक विश्लेषक तथा वरिष्ठ पत्रकार नित्यानन्द मण्डलले संघीयता प्राप्तिको आन्दोलनमा कलाकार, साहित्यकार तथा सांस्कृतिक अभियन्ताको महत्वपूर्ण योगदान रहेको स्मरण गराउँदै संघीयताको मूल भावना नै पहिचानको संरक्षण भएको बताए ।

उनले भने, "संघीयता सहज रूपमा प्राप्त भएको होइन । यसको प्राप्तिका लागि विभिन्न क्षेत्रका नागरिकले योगदान दिएका छन् । तर आज संघीयताको मूल उद्देश्य नै कमजोर बनाउने गरी भाषा, कला र संस्कृतिप्रति राज्य उदासीन देखिएको छ । यदि कलाकारको सम्मान, भाषाको संरक्षण र संस्कृतिको विकास हुन सकेन भने संघीयताको आधार नै कमजोर बन्दै जानेछ ।"

कलाकार सलमा खातुनले मधेश प्रदेश भाषिक विविधताको अनुपम भूमि भएको उल्लेख गर्दै यहाँ ८९ भन्दा बढी मातृभाषा बोलिने तथ्य प्रस्तुत गरिन् । उनले ती सबै भाषाको समान रूपमा संरक्षण र विकास हुनुपर्नेमा जोड दिँदै समावेशी नीतिको प्रभावकारी कार्यान्वयनबिना सामाजिक न्याय सम्भव नहुने बताइन् ।

उनले राज्यले भाषा र संस्कृतिको संरक्षणमा समान व्यवहार गर्न नसकेको आरोप लगाउँदै भाषा तथा संस्कृतिलाई राज्यको प्राथमिकतामा राख्न आग्रह गरिन् ।

कलाकार मनोज यादवले पहिचानको आन्दोलनबाट स्थापित भएको संघीय शासन व्यवस्थामा सबैभन्दा बढी उपेक्षा भाषा, कला र संस्कृतिले नै भोग्नुपरेको टिप्पणी गरे। उनले कलाकार राष्ट्रको सांस्कृतिक सम्पत्ति भए पनि उनीहरूको प्रतिभाको संरक्षण र प्रवर्द्धनमा राज्य गम्भीर नदेखिएको बताए।उनका अनुसार मधेश प्रज्ञा प्रतिष्ठानजस्ता संस्थाहरूलाई पर्याप्त बजेट र नीतिगत सहयोग उपलब्ध गराउन सके मात्र नयाँ पुस्तामा कला र संस्कृतिप्रतिको आकर्षण बढ्न सक्छ।

त्यसैगरी कलाकार ओमप्रकाश कर्णले कलाकारको सम्मान र संरक्षणबिना समृद्ध मधेश तथा पहिचानसहितको समाज निर्माण असम्भव रहेको धारणा राखे। उनले कलाकारको सामाजिक सुरक्षा, सिर्जनात्मक वातावरण र संस्थागत संरक्षणका लागि प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा सातै प्रदेशबाट आएका कलाकार, साहित्यकार, भाषाविद् तथा सांस्कृतिक अभियन्ताहरूले आ(आफ्नो धारणा राख्दै भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका लागि राज्यको लगानी वृद्धि गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको विशेष आकर्षणका रूपमा 'नवप्रतिभा खोजी' अन्तर्गत विभिन्न विधाका नवप्रतिभाशाली कलाकारहरूले आफ्नो सिर्जना, गायन, नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। उत्कृष्ट प्रतिभाहरूलाई सम्मानपत्र प्रदान गरी सम्मानित गरिएको थियो।कार्यक्रमले मधेशको बहुभाषिक, बहुसांस्कृतिक र बहुआयामिक पहिचानलाई थप सशक्त बनाउँदै नयाँ पुस्ताका कलाकारलाई प्रोत्साहन गर्ने सन्देश दिएको सहभागीहरूले बताएका छन्।

## मन्त्रालय घटाउँदा २० अर्ब बचत


काठमाडौँ, २० असार । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो १०० दिने कार्यअवधिको प्रमुख उपलब्धि आज सार्वजनिक गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज सरकारका प्रवक्ता सस्मित पोखरेलले पत्रकार सम्मेलनमार्फत ती उपलब्धि सार्वजनिक गर्नुभएको हो ।
मन्त्री पोखरेलले सार्वजनिक गर्नुभएको पहिलो बुँदामा सङ्घीय मन्त्रालयको सङ्ख्या कटौतीको विषय समावेश गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी बाचापत्र उल्लेख भएबमोजिम मन्त्रालयको सङ्ख्या घटाएर १८ कायम गरिएको प्रवक्ता पोखरेलले बताउनुभयो ।
उहाँले मन्त्रालयको सङ्ख्या घटाएसँगै वार्षिक करिब २० अर्ब राज्य कोषमा बचत हुने अनुमान गरिएको बताउनुभयो ।
यसैगरी उहाँले अन्य संरचनाहरु खारेजी र समायोजन आदिबाट खर्च कटौती गरी कार्यक्षमता बढाउने जनाउँदै राजनीतिक दल निकट ट्रेड युनियन, विद्यार्थी सङ्गठन खारेजीलगायतका सुधारात्मक कार्यबाट सकारात्मक सन्देश गएको बताउनुभयो । रासस

## २० दिनमा लागुऔषध मुद्दामा ५८ पक्राउ




दैनिक सामाचारदाता
जनकपुरधाम, २० असार । मधेश प्रदेशका विभिन्न जिल्लामा प्रहरीले सञ्चालन गरेको विशेष लागुऔषध नियन्त्रण अभियानअन्तर्गत पछिल्लो २० दिनमा ५८ जना पक्राउ परेका छन्।
मधेश प्रदेश प्रहरी कार्यालयले शनिबार सार्वजनिक गरेको विवरणअनुसार असार १ गतेदेखि २० गतेसम्म सञ्चालन गरिएको अभियानका क्रममा उनीहरूलाई नियन्त्रणमा लिइएको हो।
प्रहरीका अनुसार पक्राउ पर्नेमा सप्तरीका तीन, सिरहाका १५, धनुषाका १०, महोत्तरीका नौ, सर्लाहीका तीन, रौतहटका दुई, बाराका पाँच र पर्साका ११ जना रहेका छन्।
अभियानका क्रममा पक्राउ परेकाहरूको साथबाट ठूलो परिमाणमा गाँजा, ब्राउन सुगर (खैरो हिरोइन) तथा विभिन्न प्रकारका लागुऔषधजन्य ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ।
प्रहरीले पक्राउ परेका सबैविरुद्ध लागुऔषधसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ। साथै, प्रदेशभर लागुऔषधको ओसारपसार, बिक्री-वितरण र दुर्व्यसन नियन्त्रणका लागि विशेष अभियानलाई आगामी दिनमा अझ प्रभावकारी र सशक्त बनाइने मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# साझा दायित्वबाट मात्र स्वास्थ्य सुधार

स्वास्थ्य सेवा कुनै पनि लोकतान्त्रिक राज्यको आधारभूत दायित्व हो। तर, गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नु सरकारको एकल जिम्मेवारी मात्र होइन। नागरिक समाज, सञ्चारमाध्यम, स्वास्थ्यकर्मी, निजी क्षेत्र र आम नागरिक सबैको सक्रिय सहभागिताबाट मात्र स्वस्थ समाज निर्माण सम्भव हुन्छ। मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले स्वास्थ्य क्षेत्रको सुधारलाई साझा दायित्वका रूपमा प्रस्तुत गर्नु सकारात्मक सोच हो। तर, यो सोच व्यवहारमा रूपान्तरण हुन सके मात्र यसको वास्तविक अर्थ रहन्छ।

मधेश प्रदेश स्वास्थ्यका सूचकांकमा अझै पनि पछाडि छ। जनसंख्या धेरै भए पनि अस्पताल, दक्ष जनशक्ति, औषधि, उपकरण र बजेटको अभावले सेवा प्रवाह प्रभावित हुँदै आएको छ। स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवले सार्वजनिक रूपमा औषधि खरिद प्रक्रियाको जटिलताका कारण तीन वर्षसम्म आवश्यक औषधि खरिद हुन नसकेको स्वीकार गर्नु प्रशासनिक कमजोरीको गम्भीर संकेत हो। कानुनी प्रक्रियाको जटिलता समाधान गर्नु सरकारकै दायित्व हो। समस्या स्वीकार्नु मात्र पर्याप्त हुँदैन, त्यसको समाधान पनि देखिनुपर्छ।


मन्त्रीले स्वास्थ्य क्षेत्रमा लापरवाही गर्ने जो-कोहीलाई उन्मुक्ति नदिने प्रतिबद्धता जनाएका छन्। यो प्रतिबद्धता व्यवहारमा लागू भए मात्र नागरिकले विश्वास गर्नेछन्। स्वास्थ्य संस्थामा अनियमितता, अनुपस्थित स्वास्थ्यकर्मी, औषधिको कृत्रिम अभाव र सेवाग्राहीप्रतिको गैरजिम्मेवारीमाथि कडा निगरानी आवश्यक छ। गुणस्तरीय सेवा दिन नसक्ने प्रणालीले जनताको भरोसा गुमाउँछ।

सञ्चारमाध्यमको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। स्वास्थ्यसम्बन्धी सूचना, रोगको रोकथाम, पोषण, सरसफाइ, खोप, मातृ तथा शिशु स्वास्थ्य र मानसिक स्वास्थ्यबारे जनचेतना फैलाउन सञ्चार क्षेत्र प्रभावकारी माध्यम हो। तर सञ्चारमाध्यमले केवल समस्याको आलोचना मात्र होइन, सकारात्मक अभ्यास, सफल कार्यक्रम र सुधारका प्रयासलाई पनि प्राथमिकता दिनुपर्छ। तथ्यमा आधारित, जिम्मेवार र जनमुखी पत्रकारिताले स्वास्थ्य सुधारमा ठूलो योगदान पुर्‍याउन सक्छ।

आज मानसिक स्वास्थ्य अर्को गम्भीर चुनौती बनेको छ। आत्महत्याको बढ्दो दरले स्वास्थ्य नीतिमा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्ने स्पष्ट संकेत दिएको छ। परामर्श सेवा विस्तार, विद्यालय र समुदायमा जनचेतना तथा मानसिक स्वास्थ्य सेवाको सहज पहुँच अहिलेको आवश्यकता हो।

स्वास्थ्य क्षेत्रमा सुधार भाषण र घोषणाले होइन, प्रभावकारी नीति, पर्याप्त बजेट, पारदर्शी कार्यान्वयन, उत्तरदायित्व र सबै पक्षबीचको सहकार्यबाट सम्भव हुन्छ। मधेश प्रदेशले स्वास्थ्यलाई विकासको पहिलो आधार मानेर साझा जिम्मेवारीको अवधारणालाई व्यवहारमा उतार्न सके मात्र नागरिकले गुणस्तरीय स्वास्थ्य सेवाको अनुभूति गर्न सक्नेछन्। आखिर, स्वस्थ नागरिक नै समृद्ध समाज र सशक्त प्रदेश निर्माणको सबैभन्दा बलियो आधार हुन्।

# चिनियाँ कम्युनिस्ट पार्टी र नयाँ चीनको उदय



गिरधारी सुवेदी

चीनका बारेमा फ्रान्सेली सम्राट नेपोलियन बोनापार्टले भनेका थिए: त्यहाँ एउटा भीमकाय शक्ति सुतिरहेको छ, त्यसलाई सुत्न देऊ, जब त्यो ब्यूँझन्छ, संसार हल्लिनेछ। विगतको यो भनाइ आज सत्य साबित भएको छ। चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चीनले आर्थिक, सामरिक, रणनीतिक, भौतिक, सैन्य तथा प्रविधिका क्षेत्रमा जति विकास गर्‍यो, त्यसले चीनलाई विश्व रंगमञ्चमा श्रेष्ठता हासिल गर्ने बाटोमा पुर्‍यायो। आज चीनले विश्वका सबै तह र क्षेत्र ढाकेको छ, जसको श्रेय चिनियाँ कम्युनिस्ट पार्टीलाई नै जान्छ।

चिनियाँ कम्युनिस्ट पार्टी स्थापना भएको आज १०५ वर्ष पुगेको छ। पार्टीको औपचारिक स्थापनाभन्दा अघि नै सोसलिष्ट युथ लिगको जन्म भइसकेको थियो, जसलाई पछि योङ कम्युनिस्ट लिग नामक संगठनमा रूपान्तरण गरियो र यही संगठन नै चिनियाँ कम्युनिस्ट पार्टीको जग बन्यो।

सन् १९२१ मा पार्टी स्थापनाताका जम्मा १३ जना सदस्य थिए भने आज यो पार्टीको सदस्यता संख्या १० करोडभन्दा बढी पुगेको छ। त्यतिबेला ठूलो जनसंख्या र भूगोल भएको चीन सामन्तवादी अर्थतन्त्र र जापानी औपनिवेशिक शोषणको चपेटामा थियो र यही अवस्थाबाट माओत्सेतुङको नेतृत्वमा सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो। त्यसबखत चीनविरुद्ध पश्चिमाहरूले खडा गरेको भाष्यका उदाहरण अफिम युद्ध र त्यसपछिको पश्चिमा व्यवहारमा देख्न सकिन्छ।

दोस्रो विश्वयुद्धताका जापानीहरूले चिनियाँहरूसँग शत्रुतापूर्ण र दमनकारी व्यवहार गरे, जुन पृष्ठभूमिबाट राष्ट्रवादी र राष्ट्रप्रेमी चेतनाका आधारमा चिनियाँ कम्युनिस्ट पार्टीको उदय भयो। राष्ट्रप्रेम र जनवादी गणतन्त्रको स्थापना नै यस पार्टीको जग हो र दोस्रो विश्वयुद्धको अन्त्यपछि पार्टीको सदस्यता तीव्र गतिमा बढ्नुले जनताको राष्ट्रप्रेमलाई नै झल्काउँछ।

जापानको निरन्तर दमन र पश्चिमा शक्तिहरूको चीनविरोधी नीतिविरुद्ध लड्न चिनियाँ कम्युनिस्ट पार्टीले कोमिन्ताङ पार्टीसँग सहकार्य गर्‍यो, जसबाट प्रमुख शत्रुविरुद्ध लड्दा कम राष्ट्रवादी सहयोगी शक्तिसँग पनि मोर्चाबन्दी गर्नुपर्छ भन्ने रणनीति बुझ्न सकिन्छ। ताओवाद र कन्फ्युसियसवाद चीनको ऐतिहासिक र सांस्कृतिक विरासत हुन् शान्ति र स्थिरताका धरोहर हुन् र चीन यी पूर्वीय दर्शनका मान्यताबाट कहिल्यै विचलित भएको छैन बरु यिनलाई आफ्नो राष्ट्रिय पुँजीका रूपमा नै मानेको छ।

आज चिनियाँ कम्युनिस्ट पार्टीलाई केवल विश्वको शक्तिशाली पार्टी मात्र मानिँदैन, बरु पाँच हजार वर्ष पुरानो सभ्यता भएको मुलुकमा शासन गरिरहेको एउटा वैचारिक प्रवाहका रूपमा हेरिन्छ। बाहिर जे भनिएपनि पश्चिमाहरूले चीनलाई एकदलीय र निरंकुश व्यवस्था भनेर आलोचना गर्नुको अन्तर्यमा चिनियाँ सभ्यता र यसको बैभव तथा विरासत नै हो।

पश्चिमाहरूले चिनियाँ कम्युनिस्ट पार्टीभित्रको आन्तरिक लोकतन्त्र र बहुदलीय प्रतिस्पर्धालाई बुझ्न खोजेको पाइँदैन। यसरी चीनले आफ्नो अद्वितीय राजनीतिक प्रणाली अपनाएको छ र प्रतिस्पर्धीहरूसँग दीर्घकालीन सह-अस्तित्वको सिद्धान्त पनि सहजै अवलम्बन गरेको छ।

चिनियाँ कम्युनिस्ट पार्टीले चीनलाई आधुनिक र समुन्नत बनाउँदै आफ्ना नीति र कार्यक्रम लागू गर्छ, संविधान कार्यान्वयन गर्छ र सरकारको क्षमता विकास गर्ने काम पनि गरिरहेको छ। पार्टीले सरकारभन्दा शासनलाई नै बढी प्रभावकारी बनाउन जोड दिन्छ र यसरी चीनलाई गतिशील राष्ट्र बनाउनेतर्फ पार्टीले धेरै काम गरेको पाइन्छ।

विश्वका ठूला अर्थतन्त्र भएका मुलुकहरूले समेत आफ्नो शासन व्यवस्थाका आधारभूत मान्यता विकास गर्न नसकिरहेको अवस्थामा चिनियाँ कम्युनिस्ट पार्टीले भने व्यापारीकरणको माध्यमबाट राष्ट्रबीचको सम्बन्ध निर्माण गरिरहेको छ। अहिलेको विश्व प्रविधि, आणविक हतियार, सूचनाप्रविधि र पुँजीले विस्तारित छ।

चीनको आणविक शक्ति र क्षमता अझै विश्व व्यवस्थामा पूर्ण रूपमा परीक्षण भएको छैन तर इरान-अमेरिका युद्धमा प्रयोग भएको चिनियाँ प्रविधिले विश्वलाई चीनप्रति सशंकित बनायो र भारत-पाकिस्तान युद्धमा राफेल युद्धपोतविरुद्ध चिनियाँ प्रविधिको प्रतिरोधले पनि यही देखायो। आफ्नो विकास परियोजना बीआरआई, जीएसआई र जीडीआईमार्फत चीन विश्वमा अगाडि बढ्ने प्रतिस्पर्धामा सबैभन्दा अघि छ।

चीनको उच्च गतिको रेल सञ्जाल यसको आधुनिकीकरणको अर्को उदाहरण हो। सन् २०२५ अन्त्यसम्म चीनको तीव्र गतिको रेल सञ्जाल ५० हजार किलोमिटर नाघेको छ, जुन संसारका बाँकी सबै देशको भन्दा पनि लामो हो। विश्वको समस्त उच्च गतिको रेल सञ्जालको करिब ७० प्रतिशत हिस्सा चीनसँग एक्लै छ।

५ लाख जनसंख्या भएका ९७ प्रतिशत चिनियाँ सहर आज तीव्र गतिको रेलले जोडिएका छन्। सन् २०३० सम्म यो सञ्जाल ६० हजार किलोमिटर पुर्‍याउने लक्ष्य छ। चीनले यो प्रविधि अरू मुलुकमा पनि पुर्‍याइरहेको छ। इन्डोनेसियाको जकार्ता-बान्दुङ हाईस्पिड रेल यसको उदाहरण हो। यो दक्षिणपूर्वी एसियाकै पहिलो हाईस्पिड रेलले जकार्ता र बान्दुङबीचको तीन घण्टाको यात्रालाई ४५ मिनेटमा झारेको छ।

लाओस-चीन रेल र हंगेरी-सर्बिया रेलजस्ता परियोजनाले पनि क्षेत्रीय सम्पर्क सञ्जाललाई बलियो बनाएका छन्। यसरी बीआरआईमार्फत चीनको रेल प्रविधिले विकासोन्मुख मुलुकहरूको सम्पर्क, व्यापार र आर्थिक अवसर विस्तार गरिरहेको छ।

हाम्रा छिमेकी चीन र भारत दुवैको आर्थिक आकार सन् १९८० आसपास लगभग समान थियो। सन् १९९० मा भारतको प्रतिव्यक्ति आय ३६७ अमेरिकी डलर थियो भने चीनको त्योभन्दा कम, ३१७ डलर थियो। तर, आज भारतीयको प्रतिव्यक्ति आय बल्लबल्ल २८ सय डलर पुगेको छ, जबकि चिनियाँको प्रतिव्यक्ति आय १४ हजार डलरको नजिक हुँदै मजबुत मध्यम वर्ग तयार भएको छ।

अहिले आन्तरिक रूपमा चीन आफ्नो विकासको मोडल परिवर्तन गर्ने चरणमा छ र आर्थिक संरचना सुधार्दै विकासका नयाँ आधार खोजिरहेको छ। उसको ध्येय एआईका क्षेत्रमा अमेरिकालाई जसरी पनि पछि पार्नु हो। तर, विश्वमा क्षणभरमै नयाँ समस्याहरू सिर्जना हुने गरेका छन्। यसबीचको प्रमुख समस्या भनेको आपूर्ति बलियो तर माग कमजोर हुनु हो। तर, जानकारहरूका भनाइअनुसार बाहिरी दबाब र भित्री संरचनागत समस्याका बाबजुद पनि चिनियाँ अर्थतन्त्रले उल्लेखनीय सामर्थ्य देखाएको छ।

चीनको राष्ट्रिय तथ्यांक ब्युरोका अनुसार, २०२५ मा चीनको कुल गार्हस्थ्य उत्पादन १४० ट्रिलियन युआन र प्रतिव्यक्ति जीडीपी ९९ हजार ६६५ युआन अर्थात् करिब १३ हजार ९५३ डलर नाघेको छ, जुन विश्वको औसतभन्दा निकै माथिको वृद्धि हो। औद्योगिक स्तरोन्नति, आधुनिक कृषि विकास, सेवा क्षेत्रको विस्तार र उच्चस्तरीय बाह्य खुलापनमा पनि उल्लेखनीय प्रगति भएको छ।

चिनियाँ राष्टपति तथा चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी चिनफिङका भनाइमा विगत १०५ वर्षको प्रयासले चिनियाँ जनताको भविष्य नै बदलिदिएको छ र यसले चीनको महान पुनर्जागरणको बाटो खोलेको छ। यो किन पनि गम्भीर छ भने २०औँ शताब्दीको सुरुतिर चीन आन्तरिक द्वन्द्व, बाह्य अतिक्रमण र संस्थागत क्षयको सामना गरिरहेको थियो। तर, सन् १९२१ मा भएको पार्टीको स्थापनाले त्यही विगतबाट निर्णायक गति लियो र चीनलाई विश्वको दोस्रो ठूलो अर्थतन्त्रसम्म पुर्‍यायो।

केही दशकभित्रै चीनले औद्योगिकीकरणको त्यो प्रक्रिया पूरा गर्‍यो, जुन विकसित मुलुकलाई शताब्दीयौं लाग्यो। तीव्र आर्थिक वृद्धि र दीर्घकालीन सामाजिक स्थिरता एकसाथ हासिल गर्नु एउटा उल्लेखनीय उपलब्धि मानिन्छ। चिनियाँ आधुनिकीकरण आफ्नै समृद्धिका लागि मात्र होइन, बरु साझेदारसँगै विकास गर्ने साझा प्रक्रिया हो।

उच्चस्तरीय बीआरआई सहकार्य र सन् २०२६ को मे महिनामा भएको ग्लोबल पार्टनरसिप फर पोभर्टी रिडक्सन एन्ड डेभलपमेन्ट यसका दुई प्रमुख माध्यम हुन्, जसले ग्लोबल साउथको विकास गतिलाई निरन्तर बढावा दिइरहेका छन्।

माथि उल्लेख गरिएका तथ्य र तर्कको अर्थ चीन समस्यारहित छ भन्ने पटक्कै हैन। तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्या समाधानमा चिनियाँ सरकार र चिनियाँ कम्युनिस्ट पार्टीबीच हुने उच्च तहको सहकार्य र समन्वयलाई विशिष्ट नै मान्नुपर्छ। विश्वबजारमा कच्चा पदार्थको जोहो र आपूर्ति, उत्पादन र त्यसको बजारीकरण र शान्तिपूर्ण ढंगले बहुध्रुवीय विश्वव्यवस्था कायम राख्नु चीन र पार्टीको सबैभन्दा ठूलो चुनौती हो।

चार्ल्स टिलिको सिद्धान्तअनुसार युद्धले नै राज्य निर्माण गर्छ र कच्चा पदार्थको भण्डारण वा संरक्षण गर्न सक्ने राष्ट्रले मात्र विश्व व्यवस्था सञ्चालन गर्न सक्छ। त्यसैले पार्टीले राष्ट्रिय पुँजी निर्माण गर्दै आफ्ना उत्पादन विश्व बजारसम्म पुर्‍याइरहेको छ तर, यसलाई दिगो रूपमा कायम राख्नु भने चुनौतीपूर्ण छ।

आर्थिक वृद्धि, प्रविधि, हरित ऊर्जा र तीव्र गतिको रेल सञ्जालका क्षेत्रमा चीनले देखाएको प्रगति विश्वकै लागि उदाहरणीय छ, यद्यपि बाह्य दबाब र आन्तरिक संरचनागत चुनौती अझै बाँकी छन्। नेपालजस्ता विकासोन्मुख मुलुकले उदाउँदो चीनसँगको सहकार्यबाट लाभ लिन सक्ने प्रशस्त सम्भावना बाँकी छन्।

चीन अहिले बहुपक्षीयता र बहुध्रुवीय विश्वको खम्बा भएर आएको छ र यो राम्रो हो। दक्षिण-दक्षिण सहकार्य, बहुध्रुवीय विश्व र क्षेत्रीय-अन्तर्राष्ट्रिय फोरमहरूको स्थापनामा चीनको अग्रसरता देखिन्छ, जसले चीनको विश्वमा स्वीकार्यता अझ बढाउने देखिन्छ। नेपाल र अन्य कम विकसित मुलुकले उदाउँदो चीनबाट फाइदा लिन सक्ने ठाउँ यहीं छ र यो नै चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको १०५ वर्षे यात्राको नतिजा हो। लेखक राजनीतिशास्त्री हुन्।

*साभार:शिलापत्रडटकम*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# प्रशोधनको पर्खाइमा मधेशको आँप



जनकपुरधाम, असार २०। वर्षायामको आगमनसँगै मधेशका बगैंचाहरू पहेंलपुर आँपले ढाकिएका छन्। हावासँगै फैलिने पाकेको आँपको सुगन्ध, राजमार्ग किनारमा सजाइएका आँपका थुप्रा, किसानको व्यस्तता र उपभोक्ताको आकर्षणले यतिबेला मधेशलाई आँपमय बनाएको छ। नेपालकै सबैभन्दा ठूलो आँप उत्पादन क्षेत्रका रूपमा परिचित मधेश प्रदेशले हरेक वर्ष लाखौं मेट्रिक टन आँप उत्पादन गरे पनि त्यसको आर्थिक प्रतिफल भने किसानले अपेक्षाअनुसार पाउन सकेका छैनन्। प्रशोधन उद्योग, शीतभण्डार, रिपेनिङ चेम्बर तथा व्यवस्थित बजार प्रणालीको अभावले मधेशको आँप अर्थतन्त्र वर्षेनी उही समस्याको चक्रमा घुमिरहेको छ।

आँप स्वादिलो फल मात्र होइन, मधेशको ग्रामीण अर्थतन्त्रको आधार पनि हो। हजारौं किसानको जीविकोपार्जन यसैमा निर्भर छ। तर उत्पादन बढ्दै जाँदा बजार व्यवस्थापन कमजोर हुने, मूल्य घट्ने र ठूलो परिमाणमा फल खेर जाने समस्या समाधान हुन सकेको छैन।

*उत्पादनमा अग्रणी मधेश*

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ। कृषि विकास निर्देशनालय, नक्टाझिज (धनुषा) का अनुसार यस वर्ष दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको छ।

अघिल्लो आर्थिक वर्षमा भने तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो। कृषि प्राविधिकहरूका अनुसार आँपमा हुने 'अन इयर' र 'अफ इयर' अर्थात् एक वर्ष बढी र अर्को वर्ष कम उत्पादन हुने प्राकृतिक चक्रका कारण उत्पादनमा यस्तो उतारचढाव देखिने गरेको हो।

सप्तरी र सिरहा आँप उत्पादनका दृष्टिले सबैभन्दा अगाडि छन्। त्यसपछि रौतहट, महोत्तरी, धनुषा, सर्लाही, बारा र पर्साको स्थान आउँछ। मधेशमा मालदह, अम्रपाली, बम्बई, कलकतिया, किसनभोग, दसहरी, सफेदा, अल्फोन्सो, केसर, चौसा, लाङ्गा, टोटापुरी, निलम र हिमसागरलगायतका जातका आँप उत्पादन हुँदै आएका छन्।

*उत्पादन धेरै, मूल्य कम*

उत्पादन बढे पनि किसानले उचित मूल्य पाउने अवस्था छैन। ढल्केवर, लहान, रुपनी, महुली, कठौना, कडरबोना र लालबन्दीजस्ता बजार क्षेत्रमा मौसमी रूपमा ठूलो कारोबार हुने भए पनि मूल्य निर्धारण व्यवस्थित छैन।

उत्पादनको चरम समयमा किसानले प्रतिकिलो ५० देखि ८० रुपैयाँमा आँप बेच्न बाध्य हुन्छन्। तर यही आँप काठमाडौं, पोखरा तथा अन्य सहरका खुद्रा बजारमा दोब्बर मूल्यमा बिक्री हुन्छ। यसले किसान र उपभोक्ताबीच रहेको बजार संरचनाको असन्तुलन स्पष्ट देखाउँछ।

*उद्योग नहुँदा गुम्दै मूल्य*

मधेशमा उत्पादन भएको अधिकांश आँप ताजा फलका रूपमा मात्रै बिक्री हुन्छ। जुस, पल्प, जाम, स्क्वास, सुक्खा आँप, क्यान्डी तथा अन्य मूल्य अभिवृद्धियुक्त उत्पादन बनाउने उद्योगको अभाव छ।

यदि प्रशोधन उद्योग स्थापना गर्न सकिए काँचो र पाकेको आँपबाट अचार, अमोट, खटाई, जुस, लस्सी, स्मूदी, आइसक्रिम, केक, डेजर्ट, सोर्बेटलगायत सयौं प्रकारका उत्पादन तयार गर्न सकिन्छ। यसले किसानको आम्दानी बढाउनुका साथै वर्षभरि बजार आपूर्ति सम्भव हुन्छ।

*शीतभण्डारको अभाव*

मधेशको आँप क्षेत्रको अर्को ठूलो समस्या शीतभण्डार र रिपेनिङ चेम्बरको अभाव हो। किसानसँग भण्डारणको विकल्प नहुँदा उत्पादन भएपछि तुरुन्तै बिक्री गर्नुपर्ने बाध्यता हुन्छ। यसले मूल्य घट्ने मात्र होइन, वर्षेनी ठूलो परिमाणमा आँप नष्ट हुने गरेको छ।

*रासायनिक रूपमा पकाइएका आँपको जोखिम*

सिजन सुरु नहुँदै बजारमा क्याल्सियम कार्बाइड प्रयोग गरी पकाइएका आँप बिक्री हुने क्रम पनि बढ्दो छ। चिकित्सक दिलीप साहका अनुसार यस्तो रसायन प्रयोग गरिएको आँप स्वास्थ्यका लागि हानिकारक हुन्छ। यसले टाउको दुख्ने, रिंगटा लाग्ने, मानसिक असहजता हुने तथा दीर्घकालीन रूपमा कलेजो, मस्तिष्क र मुटुसम्बन्धी समस्या निम्त्याउन सक्छ।

*बगैंचा व्यवस्थापन पनि उत्तिकै आवश्यक*

कृषि प्राविधिक अनुपलाल साहका अनुसार राम्रो उत्पादनका लागि बिरुवा रोप्नु मात्र पर्याप्त हुँदैन। समयमै सिँचाइ, मलखाद, गोडमेल तथा रोग-कीरा नियन्त्रण अनिवार्य हुन्छ। विशेषगरी मधुवा र मिलिबगजस्ता कीराको समयमै नियन्त्रण गर्न सके उत्पादन र गुणस्तर दुवै बढाउन सकिन्छ।

*पोषणको खानी*

आँप स्वाद मात्र होइन, पोषणको दृष्टिले पनि अत्यन्त महत्वपूर्ण फल हो। चिकित्सक टेकनारायण मण्डलका अनुसार यसमा भिटामिन ए, भिटामिन सी, फाइबर, आइरन तथा विभिन्न खनिज तत्व प्रशस्त पाइन्छ। नियमित आँप सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउने, रक्तअल्पता कम गर्ने, आँखा तथा छालाको स्वास्थ्य सुधार गर्ने र गर्भवती महिलालाई आवश्यक पोषण उपलब्ध गराउन सहयोग पुऱ्याउँछ।

*सरकारी योजना र चुनौती*

मधेश प्रदेश सरकारले आँपलाई उच्च मूल्य कृषि वस्तुका रूपमा प्राथमिकतामा राख्दै मूल्य शृंखला विकास, शीतभण्डार निर्माण, प्रशोधन उद्योग स्थापना, निजी लगानी आकर्षण तथा निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेटमा किसान क्रेडिट कार्ड, कलमी बिरुवामा अनुदान, शीतभण्डार तथा रिपेनिङ चेम्बर निर्माण, सप्तरी र सिरहामा प्रशोधन उद्योग स्थापना तथा निर्यात प्रवर्द्धनका कार्यक्रम समावेश गरिएका छन्।

तर नीति घोषणामै सीमित रहने हो भने किसानको अवस्था परिवर्तन हुने छैन। योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सके मात्र मधेशको आँपले अन्तर्राष्ट्रिय बजारसम्म प्रतिस्पर्धा गर्न सक्ने आधार तयार हुनेछ।

*सम्भावनालाई समृद्धिमा रूपान्तरण गर्नुपर्छ*

मधेशको आँप केवल एउटा मौसमी फल होइन, प्रदेशको कृषि अर्थतन्त्रको बलियो आधार हो। उत्पादनमा देशकै अग्रणी प्रदेश भएर पनि प्रशोधन उद्योग, शीतभण्डार, ब्रान्डिङ, प्याकेजिङ र व्यवस्थित बजार प्रणालीको अभावले किसानले आफ्नो पसिनाको उचित मूल्य पाउन सकेका छैनन्। यदि उत्पादनसँगै प्रशोधन, भण्डारण, निर्यात र मूल्य अभिवृद्धिलाई समान रूपमा अघि बढाउन सकियो भने मधेशको आँपले किसानको आय मात्र बढाउने छैन, प्रदेशको अर्थतन्त्रलाई पनि नयाँ उचाइमा पुऱ्याउनेछ। अब आवश्यकता सम्भावनाको चर्चा गर्ने होइन, त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने हो।

# कङ्गोमा इबोला सङ्क्रमण तीव्र

कङ्गो २० असार। लोकतान्त्रिक गणतन्त्र कङ्गोमा इबोला सङ्क्रमण तीव्र भएको जनाइएको छ। एक हजार ५०२ जनामा सङ्क्रमण पुष्टि भएको सम्म रेकर्ड गरिएको सबै भन्दा ठुलो इबोला प्रकोप भएको बताएका छन्। डीआरसीमा डब्ल्यूएचओ विशेषज्ञ पियरे अकिलिमालीले असुरक्षा र





घटनाहरू रिपोर्ट गरिएकोमा ४७३ जनाको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले बताएको छ। डीआरसीका जनस्वास्थ्य अधिकारीहरूले शुक्रबार जारी गरेको पछिल्लो प्रतिवेदन अनुसार ६२८ जना इबोला सङ्क्रमित बिरामीहरू हाल अस्पतालमा भर्ना भएका छन् भने २२९ जना निको भएका छन्। यो बाहेक ६३ जनाको मृत्यु सहित कुल २१३ जना सङ्क्रमितको रिपोर्ट गरिएको छ।

पत्रकारहरूसँगको साक्षात्कारमा बोल्दै अफ्रिकाका लागि डब्ल्यूएचओका क्षेत्रीय निर्देशक मोहम्मद याकुब जनाबीले पूर्वी प्रान्त इटुरी र उत्तरी किभुमा सङ्क्रमण जारी रहेकाले अवस्था गम्भीर रहेको बताएका छन्। जनाबीले हालको प्रकोप अहिले सशस्त्र समूह गतिविधिहरूबाट प्रभावित क्षेत्रहरूमा प्रकोप भइरहेको र केस पत्ता लगाउन र सम्पर्क पत्ता लगाउन गाह्रो भएको बताएका छन्। इटुरीका केही प्रभावित क्षेत्रहरू खानी क्षेत्रहरू भएकाले बाहिरबाट मानिसहरूको बारम्बार आवागमनले भाइरस सर्ने जोखिम बढाएको जनाइएको छ।

विश्व स्वास्थ्य सङ्गठनले बुन्डिबुग्यो भाइरसको सङ्क्रमणले गर्दा हुने इबोला रोगको सम्भावित उपचारको मूल्याङ्कन गर्न डीआरसीमा बिरामीहरू भर्ना गर्न क्लिनिकल परीक्षण सुरु भएको जनाएको छ। जसको लागि हालसम्म कुनै स्वीकृत खोप वा विशिष्ट उपचार छैन। रासस

# भेनेजुएलाको भूकम्पमा २,६४५ को मृत्यु



एजेन्सी

काठमाडौं २० असार। भेनेजुएलामा गएको विनाशकारी भूकम्पमा मृत्यु हुनेको संख्या दुई हजार ६४५ पुगेको छ भने १२ हजार ६६६ जना घाइते भएका छन्।

भेनेजुएलाको राष्ट्रिय सभाका अध्यक्ष तथा अस्थायी शिविर व्यवस्थापन कमान्ड सेन्टरका प्रमुख जोर्ज रोड्रिगेजले टेलिग्राममार्फत हालसम्म छ हजार ४६२ जनाको उद्धार गरिएको जानकारी दिएका छन्। उनका अनुसार ८६ हजार ११७ प्रभावित परिवारलाई राहत तथा आवश्यक सहायता उपलब्ध गराइएको छ।

भूकम्पका कारण ८८५ वटा भवनमा आंशिक क्षति पुगेको छ भने १८९ वटा भवन पूर्ण रूपमा ध्वस्त भएका छन्। प्रभावित नागरिकका लागि विभिन्न स्थानमा ५९ वटा अस्थायी शिविर स्थापना गरी उनीहरूको आवास र राहत व्यवस्थापन गरिएको अधिकारीहरूले बताएका छन्।

राहत तथा उद्धार कार्यलाई तीव्र बनाउन भेनेजुएलाभर तीन हजार ३०५ जना अन्तर्राष्ट्रिय उद्धारकर्मी र २९ हजार ५६७ जना आपत्कालीन सेवाका सुरक्षाकर्मी परिचालन गरिएको अध्यक्ष रोड्रिगेजले जानकारी दिएका छन्। सरकारले प्रभावित क्षेत्रमा उद्धार, राहत वितरण तथा पुनर्स्थापनाको कामलाई तीव्र गतिमा अघि बढाइरहेको जनाएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# बर्दिबास पूर्ण साक्षर नगरपालिका घोषणा

दैनिक समाचारदाता

महोत्तरी २० असार । महोत्तरीको प्रमुख व्यापारिक केन्द्र बर्दिबास नगरपालिकालाई शनिबार एक विशेष समारोहबीच पूर्ण साक्षर नगरपालिका घोषणा गरिएको छ। नेपाल सरकारले तोकेको साक्षरतासम्बन्धी मापदण्ड पूरा गरेपछि नगरपालिकाले औपचारिक रूपमा पूर्ण साक्षर नगरको मान्यता प्राप्त गरेको हो।

नेपाल सरकारको मापदण्डअनुसार १५ देखि ६० वर्ष उमेर समूहका कम्तीमा ९५ प्रतिशत नागरिक सामान्य लेखपढ गर्न सक्षम भएमा सम्बन्धित स्थानीय तहलाई पूर्ण साक्षर घोषणा गर्न सकिने व्यवस्था छ। सोही आधार पूरा भएपछि बर्दिबास नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले बाजागाजासहित विशेष समारोह आयोजना गरी नगरलाई पूर्ण साक्षर घोषणा गरेको हो।




नगरपालिकाका शिक्षा शाखा प्रमुख रेवती पराजुलीका अनुसार बर्दिबासमा १५ देखि ६० वर्ष उमेर समूहका ४६ हजार ५२६ जनामध्ये ४५ हजार ३३२ जना अर्थात् ९७.४१ प्रतिशत नागरिकले साक्षरताको मापदण्ड पूरा गरेका छन्।

घोषणा समारोहलाई सम्बोधन गर्दै मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले डिजिटल युगमा समृद्ध, सुशासित र शिक्षित समाज निर्माणका लागि व्यवस्थित तथ्याङ्क, प्रभावकारी प्रणाली तथा असल अभ्यासको विकास अपरिहार्य रहेको बताइन्। उनले राजनीतिक नेतृत्व परिवर्तनशील भए पनि बर्दिबास नगरपालिकाले विगत चार वर्षमा शिक्षा, स्वास्थ्य, श्रमको सम्मान तथा संस्थागत सुधारका क्षेत्रमा गरेका काम अनुकरणीय रहेको उल्लेख गरिन्।

नगरप्रमुख प्रह्लाद क्षेत्रीले बर्दिबासलाई पूर्ण रूपमा प्रविधिमैत्री नगरका रूपमा विकास गर्दै सुशासनलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे। उनका अनुसार नगरपालिकाले १० वर्षे शिक्षा नीति कार्यान्वयन, शैक्षिक विकृति न्यूनीकरण, विद्यार्थीमा तनाव व्यवस्थापन तथा सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत सेवा प्रवाहलाई आधुनिक बनाउने अभियान सञ्चालन गरिरहेको छ। "नगरपालिकाको भवनबाटै बर्दिबासका सम्पूर्ण गतिविधिको अनुगमन गर्न सकिने गरी आधुनिक प्राविधिक प्रणाली विकास गरिँदै छ," नगरप्रमुख क्षेत्रीले भने, "यसले सेवा प्रवाहलाई थप पारदर्शी, प्रभावकारी र सुशासित बनाउने विश्वास लिएका छौं।"

जिल्ला शिक्षा समन्वय एकाइ महोत्तरीका प्रमुख निर्मल घिमिरेले महोत्तरीका १५ स्थानीय तहमध्ये बर्दिबाससहित पाँच वटा स्थानीय तह पूर्ण साक्षर घोषणा भइसकेको जानकारी दिए। बाँकी स्थानीय तहहरू पनि आवश्यक मापदण्ड पूरा गरी पूर्ण साक्षर घोषणा गर्ने तयारीमा रहेको उनले बताए। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले पूर्ण साक्षर घोषणाले बर्दिबासलाई शिक्षित, सभ्य र अनुशासित समाज निर्माणतर्फ अग्रसर नगरका रूपमा स्थापित गरेको उल्लेख गर्दै आगामी दिनमा गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका कार्यक्रमलाई थप प्रभावकारी बनाइने बताए।

# संविधानमाथिको हस्तक्षेप स्वीकार्य छैन : पौडेल




दैनिक समाचारदाता

सिरहा,२० असार । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले वर्तमान सरकारबाट संविधान र संघीय व्यवस्थामाथि हुने कुनै पनि प्रकारको हस्तक्षेप वा हमला स्वीकार्य नहुने स्पष्ट पार्नुभएको छ।

नेपाली कांग्रेस सिरहा क्षेत्र नं. १ ले शुक्रबार लहानमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै महामन्त्री पौडेलले संविधानको रक्षा र संघीयताको प्रभावकारी कार्यान्वयनमा कांग्रेस दृढतापूर्वक उभिने बताउनुभयो। संविधान र संघीय व्यवस्थालाई कमजोर बनाउने कुनै पनि गतिविधिविरुद्ध पार्टी सशक्त रूपमा प्रतिवाद गर्ने उहाँको भनाइ थियो।

उहाँले मधेश प्रदेशमा प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन तथा जनशक्तिका हिसाबले समृद्धिको ठूलो सम्भावना रहे पनि त्यसअनुसार विकास हुन नसकेको उल्लेख गर्नुभयो। मधेशका समस्या समाधान नगरी मुलुकको समग्र विकासले गति लिन नसक्ने धारणा उहाँले व्यक्त गर्नुभयो।

महामन्त्री पौडेलले नेपाली कांग्रेसभित्र देखिएका आन्तरिक मतभेद अन्त्य गरी पार्टीलाई थप एकताबद्ध र सुदृढ बनाउने प्रयास भइरहेको जानकारी दिँदै पार्टीका संस्थापक नेता बिपी कोइराला, लोकतान्त्रिक आन्दोलनका अग्रणी गणेशमान सिंह तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको आदर्श, विचार र मूल्य-मान्यतालाई आत्मसात् गर्दै संगठनलाई बलियो बनाउने अभियान जारी रहेको बताउनुभयो।

कार्यक्रम नेपाली कांग्रेस सिरहा क्षेत्र नं. १ का सभापति तथा लहान नगरप्रमुख महेशप्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य महेन्द्र यादवले पनि प्रशिक्षणमूलक मन्तव्य राख्दै पार्टी संगठन सुदृढीकरण, कार्यकर्ताको भूमिका तथा वर्तमान राजनीतिक परिस्थितिबारे धारणा व्यक्त गर्नुभएको थियो।

# खाद्य सुरक्षा आयोजनाले फेरिँदै महिला किसानको जीवन

दैनिक समाचारदाता

जनकपुरधाम २० असार । धनुषा र महोत्तरीका चार स्थानीय तहमा सञ्चालन भइरहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना प्रभावकारी बन्दै गएको छ। विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (ग्ब्फ्ऋए) को आर्थिक सहयोग तथा नेपाल सरकारको साझेदारीमा सञ्चालित आयोजनाले महिला किसानको आयआर्जन वृद्धि, जलवायु अनुकूल खेती प्रणालीको विकास तथा खाद्य सुरक्षामा सकारात्मक परिणाम देखाएको छ। आयोजनाको दोस्रो चरणअन्तर्गत धनुषाको वटेश्वर र जनकनन्दिनी गाउँपालिका तथा महोत्तरीको सोनमा र सम्सी गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ। जलवायु परिवर्तनअनुकूल कृषि प्रविधिको विकासमार्फत साना किसानको जीवनस्तर उकास्ने




लक्ष्यसहित सञ्चालन गरिएको कार्यक्रमबाट विशेषगरी महिला कृषक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

रासायनिक मलको अभाव भइरहेका बेला महिला किसानहरूले स्थानीय स्रोत-साधनको प्रयोग गरी जैविक विषादी तथा पशुचौपायाको गोबर र मूत्रबाट प्राङ्गारिक मल उत्पादन गरी खेती गर्न थालेका छन्। यसबाट उत्पादन लागत घट्नुका साथै माटोको उर्वराशक्ति संरक्षण र कृषि उत्पादनमा वृद्धि भएको छ। उत्पादित कृषिजन्य वस्तुको बिक्रीबाट उनीहरूले राम्रो आम्दानीसमेत गर्न थालेका छन्।

आयोजनाको प्रभाव विशेषगरी सुख्खाग्रस्त क्षेत्र मानिने महोत्तरीको सम्सी गाउँपालिका-८ मा देखिएको छ। स्थानीय उर्मिला कुमारी यादवले देवी करैला बारी कृषक पाठशालाबाट प्राप्त ज्ञान र सीपका आधारमा यस वर्ष दुई कट्ठा जग्गामा वैज्ञानिक विधिबाट करेला खेती गरी करिब दुई लाख ५० हजार रुपैयाँ आम्दानी गर्न सफल भएको बताइन्।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लस्टर इकाइ धनुषाका प्रमुख रविलाल शर्माका अनुसार आयोजनाले किसानलाई ८५ प्रतिशत अनुदानमा कृषि उपकरण, उन्नत बीउबिजन तथा आधुनिक कृषि प्रविधि उपलब्ध गराउँदै आएको छ। उनका अनुसार कृषकलाई व्यावसायिक, दिगो र वातावरणमैत्री खेतीतर्फ आकर्षित गर्न प्रविधि हस्तान्तरण, तालिम तथा प्राविधिक परामर्शलाई समेत निरन्तरता दिइएको छ।आयोजनाले जैविक खेती प्रवर्द्धन, उत्पादन वृद्धि र महिला किसानको आर्थिक सशक्तीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको स्थानीय कृषकहरूले बताएका छन्।

# सरकारका १०० दिन पूर्णतः असफल : प्रचण्ड



दैनिक समाचारदाता

काठमाडौं, २० असार । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक ८८पुष्पकमल दाहाल 'प्रचण्ड'८८ले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो १०० दिन पूर्णतः असफल भएको टिप्पणी गरेका छन्।

शनिबार लुम्बिनी प्रदेशस्तरीय बैठक तथा प्रशिक्षण कार्यक्रममा सहभागी हुन बुटवल पुगेका प्रचण्डले सञ्चारकर्मीसँग कुरा गर्दै सरकारले जनतालाई दिएका आश्वासन र अपेक्षाअनुसार काम गर्न नसकेको आरोप लगाए।

उनले भने, "जनतालाई जे-जस्ता आश्वासन र भ्रम दिएर सरकार बनेको थियो, त्यसका आधारमा हेर्दा यो १०० दिन पूर्णतः असफल भएको देख्छु।"

संयोजक प्रचण्डले वर्तमान र ाजनीतिक परिस्थितिमा केवल वामपन्थी शक्तिबीचको एकता मात्र पर्याप्त नहुने धारणा पनि व्यक्त गरे। देशका प्रमुख र ाजनीतिक दलहरूबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै उनले नेपाली कांग्रेस, एमालेलगायत सबै राजनीतिक शक्तिसँग सहकार्यको वातावरण बनाउन पहल भइरहेको बताए। "आजको आवश्यकता केवल वाम एकता होइन, कांग्रेस, एमालेसहित सबै दलबीच सहकार्य हो। हामी त्यस दिशामा प्रयासर त छौं," उनले भने।

# उखु किसानले पाए ९२ प्रतिशत भुक्तानी

दैनिक समाचारदाता

काठमाडौं २० असार । चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका १३ वटा चिनी मिलले उखु किसानले पाउनुपर्ने कुल भुक्तानीमध्ये करिब ९२ प्रतिशत रकम वितरण गरिसकेको सरकारले जनाएको छ।

वर्तमान सरकार गठन भएको १०० दिन पूरा भएको अवसरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले ६८ हजार उखु किसानले पाउनुपर्ने कुल १३ अर्ब ७६ करोड रुपैयाँमध्ये अधिकांश रकम भुक्तानी भइसकेको जानकारी दिए। उनका अनुसार विगतका वर्षमा उखु किसानले भुक्तानीका लागि छदेखि आठ महिनासम्म कुर्नुपर्ने अवस्था रहे पनि यस वर्ष आर्थिक वर्षभित्रै रकम उपलब्ध गराउने प्रभावकारी व्यवस्था गरिएको छ।मन्त्री पोखरेलले सरकारले उपलब्ध गराउने प्रतिक्विन्टल ७० रुपैयाँका दरले करिब एक अर्ब ५२ करोड रुपैयाँ अनुदान सम्बन्धित निकायमा निकासा भइसकेको र २५ असारभित्र किसानको बैंक खातामा जम्मा हुने क्रममा रहेको बताए।


सरकारले सार्वजनिक गरेको १०० दिनको उपलब्धि विवरणमा बैंक खाता, प्यान नम्बरलगायतका प्राविधिक विवरण नमिल्दा रोकिएका केही किसानको बाँकी भुक्तानीसमेत तत्काल उपलब्ध गराउने व्यवस्था मिलाइएको उल्लेख गरिएको छ।

यसैबीच सरकारले कृषि बजार सूचना प्रणाली सञ्चालन तथा चिस्यान केन्द्र स्थापना गर्न बजेट व्यवस्था गरेको जनाएको छ। कृषकलाई 'स्वाइल हेल्थ कार्ड' वितरण र माटो परीक्षण कार्यक्रमलाई पनि अघि बढाइएको छ।कृषि क्षेत्रमा निजी लगानी प्रवर्द्धन गर्न तीन करोड रुपैयाँसम्मको कृषि कर्जामा लाग्ने जोखिम भार ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरिएको सरकारको भनाइ छ।

त्यस्तै, देशभरका किसानको विवरण विद्युतीय प्रणालीमा आबद्ध गर्ने अभियानअन्तर्गत २५ लाख ५८ हजार १९८ किसानमध्ये हालसम्म सात लाख ५० हजार किसानको विवरण प्रमाणीकरण गरिएको सरकारले जनाएको छ।

सरकारका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रभावित परिवारलाई राहत वितरण गर्नुका साथै समस्या समाधानका उपायबारे अध्ययन गर्न गठित समितिले सक्रिय रूपमा काम गरिरहेको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४